FSD Reg:- 5-277

# नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर्जुमा

प.सं. २०८३।८४
च.नं. ८६०

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८३/०५/०४
नेपाल संवत् ११४६ गुंलाथ्व अष्टमी

विषयः प्रत्यायोजित विधायन दर्ता सम्बन्धमा।

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा विधायन ऐन, २०८१ को दफा २४ बमोजिम प्रत्यायोजित विधायन दर्ताका लागि तहाँ मन्त्रालयको च.नं. LMD/LMS/१५७५, मिति २०८३/०५/०४ गतेको पत्रसाथ प्राप्त भएको "विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्तीका लागि विनियोजित बजेट सञ्चालन गर्ने कार्यविधि,२०८३" यस मन्त्रालयको अभिलेखमा दर्ता गरी एक प्रति यसैसाथ संलग्न राखी फिर्ता पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

- GA
- LMD
- PD

२०८३/५/४

(अस्मिता अर्याल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, इमेल : infolaw@moljpa.gov.np
Website : www.moljpa.gov.np

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ३६
दर्ता मिति: २०८३/०५/०४

# विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्तीका लागि विनियोजित बजेट सञ्चालन गर्ने कार्यविधि, २०८३

विदेशमा विभिन्न कारणले अलपत्र परेका वा दुर्घटनामा परी अङ्गभङ्ग भएका, कोमामा उपचाररत नेपाली नागरिकको आकस्मिक उद्धार, राहत, नेपाल फिर्ती तथा अलपत्र अवस्थामा रहेका शव नेपाल ल्याउने लगायतका कार्यका लागि मन्त्रालयको नाममा विनियोजित रकमको खर्चलाई नियमित, व्यवस्थित, पारदर्शी, तथा प्रभावकारी रूपमा परिचालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "**विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्तीका लागि बिनियोजित बजेट सञ्चालन गर्ने कार्यविधि, २०८३**" रहेको छ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

२.१ "नियोग" भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली राजदूतावास, स्थायी नियोग, महावाणिज्यदूतावास, वाणिज्यदूतावास, विशेष नियोग सम्झनुपर्छ र सो शब्दले कुटनीतिक कार्य गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालय समेतलाई जनाउँछ।

२.२ "नियोग प्रमुख" भन्नाले नियोगको प्रमुखको रुपमा रहने राजदूत, स्थायी प्रतिनिधि, महावाणिज्यदूत, बाणिज्यदूत सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारले नियोग प्रमुखको रुपमा कामकाज गर्नको लागि तोकेको अन्य अधिकारी समेतलाई जनाउँछ।

२.३ "मन्त्रालय" भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालय सम्झनुपर्छ।

२.४ "सचिवालय" भन्नाले बैदेशिक रोजगार बोर्डको सचिवालय सम्झनुपर्छ।

३. **आकस्मिक उद्धारको लागि विनियोजित बजेटको संचालनः**

३.१ मन्त्रालयको बजेट उपशीर्षक ३२६०००११, खर्च शीर्षक २२५२९ विविध कार्यक्रम खर्च, २.७.२८.८ वैदेशिक रोजगारीमा जानेको उद्धार, राहत तथा घरफिर्ता शीर्षकमा विनियोजित बजेट



सचिव

परराष्ट्र मन्त्री

विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुको आकस्मिक उद्धार, राहत, सहायता तथा शव व्यवस्थापन गर्ने प्रयोजनको लागि मन्त्रालयले संचालन गर्नेछ।

३.२ विदेशस्थित नेपाली नियोगहरुको अनुरोधको आधारमा परराष्ट्र मन्त्रालयले उक्त शीर्षकमा विनियोजित रकमबाट सम्बन्धित नियोगको नाममा मिल्दोजुल्दो शीर्षकमा रकमान्तर/कार्यक्रम संशोधन/पेस्की/थप निकासा मार्फत आवश्यक रकम निकासा दिन सक्नेछ।

४. **आकस्मिक उद्धार सम्वन्धी विनियोजित बजेटबाट खर्च गर्न सकिने:** रोजगारदाता वा बैदेशिक रोजगार बोर्ड वा कुनै विमा योजना वा सम्बन्धित मुलुकमा रहेका गैरआवासीय नेपाली संघ लगायत नेपाली समुदायका संघ, संस्था वा ब्यक्ति वा कुनै विदेशी नागरिक, कम्पनी वा संस्था आदिले नब्यहोर्ने भएमा दफा ३ बमोजिमको रकम देहायका अबस्था र प्रयोजनका लागि अधिकतम दश लाखको सीमाभित्र रही खर्च गर्न सकिनेछ:

४.१ दुर्घटना वा अङ्गभङ्ग भई उद्धार गरी नेपाल फिर्ता गर्न वा गम्भीर समस्यामा परी उद्धार नगरी नहुने अवस्था भएका ब्यक्तिको उद्धार गर्न;

४.२ कोमामा रहेका विरामी वा शारिरीक अङ्गभङ्ग भई हिंडडुल गर्न अशक्त विरामीको एकतर्फी हवाई भाडा र अस्पतालको सिफारिस अनुसार विमानमा आवश्यक पर्ने life support system र बढीमा दुई जना सहयोगीको (डाक्टर/नर्स/कुरुवा) आतेजाते हवाई टिकट खरिद गर्न र सहयोगीका लागि बढीमा दुई दिनको वास खर्च भुक्तानी गर्न;

४.३ मानसिक समस्यामा परेका बिरामीको हकमा एकतर्फी हवाइ टिकट ब्यवस्था गर्न र बढीमा एकजना सहयोगीको (डाक्टर/नर्स/कुरुवा) आतेजाते हवाई टिकट खरिद गर्न र सहयोगीका लागि बढीमा दुई दिनको वास खर्च भुक्तानी गर्न;

४.४ अलपत्र शव नेपाल ल्याउन तथा अस्पताल वा शव गृह (Mortuary) मा शव राखेको शुल्क भुक्तानी गर्न;

४.५ नेपाली नागरिकहरू रहेका मुलुकमा आन्तरिक द्वन्द्व वा गृहयुद्ध, युद्ध, प्राकृतिक विपत्ति र आतङ्कवादी हमला आदिका कारण विदेशबाट समूहगत रुपमा उद्धार र शव व्यवस्थापन गर्न लाग्ने खर्च;

४.६ विदेशस्थित नेपाली नियोगहरुको सुरक्षित गृहमा रहेका कुनै नेपाली नागरिक बेखर्ची र असहाय रहेको कारण तत्काल उद्धार, राहत, सहायता, उपचार वा शव फिर्ता गर्नु परेमा सो प्रयोजनका लागि मन्त्रालयको पूर्वस्वीकृति लिई खर्च गर्न बाधा पर्ने छैन।

सचिव परराष्ट्र मन्त्री

५. **खर्च गर्नुअघि एकीन गर्नुपर्ने:** दफा ४ मा उल्लेख भएको रकम खर्च गर्नुअघि नियोगले देहायका विषयहरु एकीन गर्नुपर्नेछ:

५.१ रोजगारदाता वा बैदेशिक रोजगार बोर्ड वा कुनै विमा योजना वा सम्बन्धित मुलुकमा रहेका गैरआवासीय नेपाली संघ लगायत नेपाली समुदायका संघ, संस्था वा ब्यक्ति वा कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाबाट रकम ब्यवस्थापन गर्न सम्भव नभएको;

५.२ महिलाका हकमा माथि उल्लेख भएका निकाय/ब्यक्ति/संस्थाको अतिरिक्त महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पखङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट समेत आवश्यक रकम निकासा दिन नसकिने ब्यहोराको पत्र वा सञ्चार;

५.३ सम्बन्धित ब्यक्तिका परिवार वा आफन्त आर्थिक रुपमा कमजोर भएका कारण उद्धार तथा शव ब्यवस्थापनका लागि खर्च ब्यहोर्न सक्षम नरहेको जानकारी हुन आएमा सोही ब्यहोरा उल्लेख भई सम्बन्धित स्थानीय तह (गाउंपालिका/नगरपालिका) बाट सिफारिश प्राप्त भईआएको ।

६. **विनियोजित बजेटबाट खर्चहरु नव्यहोरिने:** देहायका खर्चहरु विनियोजित बजेटबाट व्यहोरिने छैन:

६.१ श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरुको उद्धार र शव व्यवस्थापनको लागि लाग्ने सवै प्रकारको खर्च;

६.२ सरकारी कामको सिलसिलामा विदेश गएको सरकारी पदाधिकारी, कर्मचारी वा अन्य व्यक्तिको उद्धार वा शव व्यवस्थापनको लागि लाग्ने खर्च;

६.३ पारिवारिक भेटघाटमा गएका ब्यक्तिको उद्धार तथा शब ब्यवस्थापन सम्बन्धि खर्च;

६.४ पर्यटन, व्यवसाय वा मनोरञ्जनको प्रयोजनका लागि विदेश भ्रमणमा गएका ब्यक्तिको उद्धार तथा शब ब्यवस्थापन सम्बन्धि खर्च;

७. **आकस्मिक उद्धारका लागि विनियोजित बजेटबाट शोधभर्ना लिने:**

७.१ दफा ४ मा उल्लिखित प्रयोजनका लागि तत्काल खर्च नगरी नहुने भएमा नियोगहरुले सोका आधारमा प्रमाण राखी तत्काल मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

७.२ मन्त्रालयले उपदफा ७.१ अनुसार नियोगको अनुरोध प्राप्त भएपछि आकस्मिक उद्धारका लागि विनियोजित बजेटबाट रकमान्तर/कार्यक्रम संशोधन/पेस्की/थप निकासा पठाउने व्यवस्था गर्नेछ।

सचिव परराष्ट्र मन्त्री

७.३ आकस्मिक परिस्थिति परी तत्काल जीवित व्यक्तिको उद्धार गरी नेपाल फर्काउनुपर्ने वा मृतक भएमा शव नेपाल पठाउनु पर्ने भएमा नियोगले उपदफा ७.१ अनुसार मन्त्रालयमा लेखी पठाएपछि मन्त्रालयको स्वीकृतिमा नियोगमा मौज्दात बजेटबाट हवाई टिकट वा कार्गोको प्रवन्ध गरी नेपाल फर्काउनुपर्ने व्यक्ति वा शव फिर्ता गर्ने कार्य गर्नुपर्नेछ। उक्त कार्य सम्पन्न भएपछि नियोगले विल बमोजिमको खर्चको निकासा माग गर्नुपर्नेछ। सोही आधारमा मन्त्रालयबाट विनियोजित बजेटको परिधिभित्र रही निकासा प्रदान गर्नेछ।

७.४ आकस्मिक उद्धार प्रयोजनका लागि मन्त्रालयमा विनियोजित बजेटबाट माथि दफा ४ मा उल्लिखित प्रयोजन बाहेक अन्य कार्यका लागि खर्च गर्न पाइने छैन। त्यस विपरित भएको खर्चको निकासा मन्त्रालयबाट नियोगलाई दिइने छैन।

७.५ आकस्मिक उद्धार प्रयोजनका लागि विनियोजित बजेटबाट प्रशासनिक खर्च, स्टेसनरी, इन्धन, मर्मत, अतिथि सत्कार जस्ता शीर्षकमा खर्च गर्न पाइनेछैन।

८. **लेखा राख्ने तथा लेखापरीक्षण गराउनेः**

८.१ नियोगहरुबाट यस कार्यबिधि बमोजिम उद्धार, राहत, सहायता र शव व्यवस्थापनमा भएको खर्चको पुष्टयाईका लागि बिल, भरपाई, सम्बन्धित व्यक्तिको राहदानी वा यात्रा अनुमति पत्र (Travel Document), नियोगले जारी गरेको NOC; र सम्भव भएमा उद्धार गरिएको व्यक्तिको तस्वीर तथा तत्सम्बन्धमा सम्बन्धित संस्था वा निकायबाट प्राप्त पत्रका प्रतिलिपिहरु प्रमाणको रुपमा संलग्न गर्नु पर्नेछ।

८.२ यो कार्यविधि बमोजिम उद्धार तथा शव व्यवस्थापन कार्यमा भएको खर्च सम्बन्धित नियोगले प्रचलित नेपाल कानून अनुसार लेखा अभिलेख राख्नुपर्नेछ। यस्तो खर्चको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रकको कार्यायलयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ।

९. **विवरण सार्वजनिक गर्नसक्नेः** मन्त्रालय वा विदेशस्थित नेपाली नियोगहरुले यस कार्यबिधि बमोजिम उद्धार, राहत, सहायता र शव व्यवस्थापनमा भएको खर्चको विवरण लाभग्राहीको नाम नामेसी सहित सार्वजनिक गर्न सक्नेछन्।

१०. **मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेः** आकस्मिक उद्धार प्रयोजनका लागि विनियोजित बजेट खर्च गर्ने सम्बन्धमा मन्त्रालयले नियोगहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ।

११. **कार्यविधिमा संशोधनः**

मन्त्रालयले नियोगहरुको सुझाव र आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।



सचिव

परराष्ट्र मन्त्री